**Government of Nepal**
Ministry of Energy, Water Resources and Irrigation
**Department of Hydrology and Meteorology**
Nagpokhari, Naxal, Kathmandu

# सिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।९।१०**

यस जल तथा मौसम विज्ञान विभागबाट मौसम पूर्वानुमान महाशाखाको भौतिक संरचना तथा विभिन्न मौसमी केन्द्र मर्मत कार्यहरु सिलवन्दी वोलपत्रद्वारा गराउनु पर्ने भएकाले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु तथा आपूर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको वोलपत्र आव्हान गरिएको छ।

१. वोलपत्रको सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिमको म्याद भित्र यस विभागको कोड नं. **३०८०१३५०२**, खाता नं. **क-१-१-००१**) वा राष्ट्रिय वाणिज्य वैंक ठमेल शाखामा रहेको राजस्व खाता नं. **१४२२९** मय तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) बुझाई अद्यावधिक नवीकरण भएको इजाजत पत्र, मु.अ. कर तथा स्थायी लेखा नं., दर्ता प्रमाणपत्र र **आ.व. २०७४।७५** को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई कार्यालयसमय भित्र वोलपत्र फाराम खरिद गर्न सकिने छ।
२. म्याद सकिएपछि प्राप्त हुने वोलपत्र स्वीकार गरिने छैन। दर्ता भएको वोलपत्रहरु वोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा तपसिलको तालिका अनुसार यस विभागमा खोलिने छ। वोलपत्रदाहरु व प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
३. एक फर्म वा संस्थाको नाममा खरिद भएको वोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन।
४. वोलपत्र शर्त रहीत, विभागले उपलब्ध गराएको कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ। केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिले सही गरेको हुनुपर्नेछ।
५. वोलपत्रदाताले निर्माणस्थल साइटको वास्तविक स्थिति वुझेर वोलपत्र फाराम भरी दाखिला गरेको मानिनेछ।
६. वोलपत्रमा दररेट उपलब्ध गर्दा मूल्य अभिवृद्धि वाहेकको दर स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्य दिइने छ।
७. वोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि सोही समयमा विक्री दर्ता वा खोल्ने काम गरिनेछ।
८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आशिंक रुपमा वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार विभागमा निहित रहने छ।
९. संयुक्त उपक्रम (Joint Venture) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायी तथा आपूर्तिकर्ताले संयुक्त लगानी सम्बन्धी सम्झौता पत्र पेश गर्नुपर्नेछ र संयुक्त उपक्रममा वढीमा २ फर्मले संयुक्त रुपपमा वोलपत्रमा भाग लिन सक्नेछ। सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ।
१०. वोलपत्र फाराम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ।
११. वोलपत्रदातले लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कवोल गरेमय कवोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा वढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्नेछ।
१२. वोलपत्र सम्बन्धी अन्य कुनै कुरा वुझ्न परेमय कार्यालय समयमा फोन नं. ०१-४४३३५६३ वा सोझै विभागमा सम्पर्क राख्न सकिनेछ।

| खरिद संकेत नं. | कामको विवरण | लागत अनुमानित रकम भ्याट सहित ने. रु. | वोलपत्र खरिद दस्तुर, मान्य अवधि (फिर्ता नहुने) | धरौटी रकम, मान्य अवधि, खाता नं. र बैंक | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति | वोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| DHM/SQ/W/05/2075-76 | जनकपुर, बुढानिलकण्ठ, नार्गाजुन, चिसापानीगढी, मार्खु, गौसाला तथा खुमलटार मौसमी केन्द्रमा फेन्सिङ्ग, पेन्टिङ्ग तथा मर्मत कार्य | ९,४२,०८७.६४ | १,०००। सिलवन्दी वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन | २५,०००।-, वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन, खाता नं. ११०० २०३ ००० ००० र राष्ट्रिय वाणिज्य वैंक ठमेल, काठ.वा क वर्गको वाणिज्य वैंक | २०७५।९।२४ दिउसो ४.०० वजे | २०७५।९।२५ मध्यान्न १२.०० वजे | २०७५।९।२५ १.०० वजे |
| DHM/SQ/W/06/2075-76 | मौसम पूर्वानुमान महाशाखाको भौतिक संरचना तथा मौसमी केन्द्र मर्मत कार्य | ९,७२,१३२.५० | १,०००। वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन | २६,०००।-, वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन, खाता नं. ११०० २०३ ००० ००० र राष्ट्रिय वाणिज्य वैंक ठमेल, काठ.वा क वर्गको वाणिज्य वैंक | २०७५।९।२४ दिउसो ४.०० वजे | २०७५।९।२५ मध्यान्न १२.०० वजे | २०७५।९।२५ २.३० वजे |

यो सूचना विभागको सूचना पाटी र वेभसाइट www.dhm.gov.np मा समेत हेर्न सकिनेछ।